कार्यपालिका बैठक संख्या:- १३७
बैठक मिति:- २०८०/०९/२३
अध्यक्षता:- नगर प्रमुख श्री हेम कर्ण पौडेल

निर्णय नं १

चालु आर्थिक बर्ष २०८०/०८१ को लागि स्वीकृत निति, कार्यक्रम तथा बजेटमा सघन सहरी विकास कार्यक्रम शिर्षकमा रु २५ करोडको योजना तथा कार्यक्रम विनियोजन भएकोमा उक्त रकम विश्व बैंकका कार्यक्रमहरु संचालन गर्ने रकम भएकाले सो सघन सहरी विकास कार्यक्रम शिर्षकका योजनाहरुमा खर्च गर्न श्रोतको व्यवस्थापन गर्नुपर्ने आवश्यक भएको साथै तपसिलमा उल्लेख भए बमोजिमका नगर स्तरिय कार्यक्रम तथा योजनाहरुमा समेत बजेटको थप व्यवस्थापन गर्न आवश्यक भएकोले इटहरी उपमहानगरपालिकाको तेहौं नगरसभाको बैठकबाट पारित विनियोजन ऐन, २०८० ले अख्तियारी दिएको रकम भन्दा बढी खर्च हुने, विनियोजन ऐनले अख्तियारी नदिएका केहि नयाँ योजना तथा कार्यक्रममा समेत रकम विनियोजन गर्नुपर्ने भएको र उक्त ऐनले अख्तियारी दिएको रकम अपर्याप्त भएको अवस्था रहेकाले पूरक अनुमान बजेटको आवश्यक देखिन गएको हुदा गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा ३४ मा पूरक अनुमान सम्वन्धि व्यवस्था रहेको, पूरक अनुमान पेश गर्दा नेपालको संविधान धारा १२१ अनुरुप सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको चालु आर्थिक वर्षमा सो अवस्था श्रृगना समेत भएकोले आ.व.२०८०/०८१ मा आन्तरिक श्रोत तर्फ ६८ करोड १४ लाख आय अनुमानित गरिएकोमा २४ करोड थप गरि आन्तरिक श्रोत तर्फ ९२ करोड १४ लाख आय अनुमान गर्ने एवं घर जग्गा रजिष्ट्रेशनमा रु ३० करोड अनुमान गरिएकोमा १६ करोड २५ लाख थप गरि ४६ करोड २५ लाख अनुमान गर्ने निर्णय गरियो साथै सघन सहरी विकास कार्यक्रम तथा तपसिलमा रहेका नगर स्तरिय योजनातर्फ बजेट संसोधन र थप घट गरि १३ औं नगर सभाबाट पारित भएको २ अर्ब ३५ करोड ३१ हजार बजेटमा ४० करोड २५ लाख थप गरि कुल जम्मा २ अर्ब ७५ करोड २५ लाख ३१ हजारको आय व्यय सहित बजेटको विवरण पूरक अनुमान विधेयक आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

| सघन सहरी विकास कार्यक्रम अन्तगर्तका योजनाहरु | | |
|---|---|---|
| क्र.स. | योजनाको नाम | बजेट |
| १ | विधुत्तीय नगर बस र एम्बुलेन्स खरीद | ५००००००० |
| | | |
| २ | इटहरी अस्पतालको लागि U.S.G. Machine , CT scan machine र M.R.I. खरीद | ५००००००० |
| | | |
| ३ | इटहरीको सरकारी विधालयहरुमा शैक्षिक, भौतिक निर्माण तथा सुधार कार्यक्रम | ५००००००० |
| | | |
| ४ | Street र vapor light खरिद तथा जडान | २००००००० |
| | | |
| ५ | वडा कार्यालय भवन निर्माण | १५०००००० |
| ६ | इटहरी सभा हल निर्माण | १५०००००० |
| ७ | विसनपुर मार्ग काला पत्र इटहरी - १७ | १००००००० |
| ८ | धनपुरा चोक हुद राजमार्ग सम्म काला पत्र इटहरी-२० | १००००००० |
| ९ | सामुदायिक वन दाख शिव चोक काला पत्र इटहरी-२ | १००००००० |
| १० | पारीजात मार्ग काला पत्र,इटहरी - ३ | ५०००००० |
| ११ | इटहरी - ४ राजमार्ग दाख तिन्जुर चोक सम्म कालोपत्रे | १५०००००० |
| | जम्मा | २५००००००० |

| पुरक बजेटबाट कायम भएका खर्च बेहोर्ने श्रोतसहितका नगरस्तरिय योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स. | योजनाको नाम | श्रोत | बजेट |
| १ | विधुत्तीय नगर बस र एम्बुलेन्स खरीद र अन्य सवारी साधन खरिद | राजश्व बाडफाड प्रदेश सरकार | ५००००००० |
| | विधुत्तीय नगर बस र एम्बुलेन्स खरीद र अन्य सवारी साधन खरिद | आन्तरिक श्रोत | ३००००००० |
| २ | इटहरी अस्पतालको लागि U.S.G. Machine , CT scan machine र M.R.I. खरीद अनुदान | राजश्व बाडफाड प्रदेश सरकार | ४००००००० |
| | इटहरी अस्पतालको लागि U.S.G. Machine , CT scan machine र M.R.I. खरीद अनुदान | आन्तरिक श्रोत | ४००००००० |
| ३ | इटहरीको सरकारी विधालयहरुमा शैक्षिक, भौतिक निर्माण तथा सुधार कार्यक्रम | राजश्व बाडफाड प्रदेश सरकार | ३००००००० |
| | इटहरीको सरकारी विधालयहरुमा शैक्षिक, भौतिक निर्माण तथा सुधार कार्यक्रम | आन्तरिक श्रोत | २००००००० |
| ४ | Street र vapor light खरिद तथा जडान | राजश्व बाडफाड प्रदेश सरकार | २२५००००० |
| ५ | Street र vapor light खरिद तथा जडान | आन्तरिक श्रोत | २२५००००० |
| ६ | वडा कार्यालय भवन निर्माण | आन्तरिक श्रोत | १५०००००० |
| ७ | इटहरी सभा हल निर्माण | आन्तरिक श्रोत | १५०००००० |
| ८ | विसनपुर मार्ग काला पत्र इटहरी - १७ | आन्तरिक श्रोत | १००००००० |
| ९ | धनपुरा चोक हुद राजमार्गसम्म काला पत्र इटहरी-२० | आन्तरिक श्रोत | १००००००० |
| १० | सामुदायिक वन दाख शिव चोक काला पत्र इटहरी-२ | आन्तरिक श्रोत | १००००००० |
| ११ | पारीजात मार्ग काला पत्र,इटहरी - ३ | आन्तरिक श्रोत | ५०००००० |
| १२ | इटहरी - ४ राजमार्ग दाख तिन्जुर चोकसम्म कालोपत्रे | आन्तरिक श्रोत | १५०००००० |
| | जम्मा | | ३३५०००००० |

| योजनाहरु | | |
|---|---|---|
| क्र.स. | योजनाको नाम | बजेट |
| १ | कोशी राजमार्गमा मुख्य चोक देखि उत्तर र दक्षिण बाटोमा आकाशे पुल निर्माण | २००००००० |
| | Roller Rrader र Infrastructure Ambulance खरिद | १००००००० |
| २ | घरनक्सा Digitalization | ० |
| | | |
| ३ | भौतिक ल्याब निर्माण | ० |
| ४ | | |

| पुरक बजेटबाट कायम भएका खर्च बेहोर्ने श्रोतसहितका नगरस्तरिय योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.स. | योजनाको नाम | श्रोत | बजेट | थप हुने |
| १ | कोशी राजमार्गमा मुख्य चोक देखि उत्तर र दक्षिण बाटोमा आकाशे पुल निर्माण | राजश्व बाडफाड प्रदेश सरकार | ५००००००० | ३००००००० आन्तरिक श्रोत |
| | Roller Rrader र Infrastructure Ambulance खरिद | आन्तरिक श्रोत | २००००००० | १००००००० आन्तरिक श्रोत |
| २ | घरनक्सा Digitalization | राजश्व बाडफाड प्रदेश सरकार | ४०००००० | [illegible] आन्तरिक श्रोत |
| | सम्पूरक कोष | | २००००००० | [illegible] राजश्व बाडफाड प्रदेश सरकार |
| | भौतिक ल्याब निर्माण | आन्तरिक श्रोत | ३५००००० | ३५००००० आन्तरिक श्रोत |
| | | | १७५००००० | ६७५००००० |

४०२५०००००

निर्णय नं २
इटहरी उपमहानगरपालिकाको वडा नं ३ देखी धरान उपमहानगरपालिकाको पानवारीसम्म जाने बाटो पुराण चोकदेखी पानवारीसम्मको बाटो कालोपत्रे गर्न, चालु आ.व. २०८०/०८१ मा संघिय समपूरक योजनामा रु. २ करोड रकम विनियोजन भएकोमा उक्त योजनामा यस उपमहानगरपालिकाको आन्तरिक श्रोतबाट रु. २ करोड रकम समपूरक योजनामा थप गरी चालु आर्थिक वर्षमा नै वोलपत्र आव्हान गरी वहुवर्षिय योजनाको रुपमा संचालन गर्ने निर्णय गरियो।

निर्णय नं ३
चालु आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत वजेट, निति तथा कार्यक्रम अन्तर्गत विनियोजन ऐन, २०८० मा street and vapor light खरिद तथा जडान शिर्षकमा विनियोजन भएको रकम रु २ करोडमा २ करोड ५० लाख थप गरी कुल जम्मा रकम रु. ४ करोड ५० लाख कायम गरी पूरक वजेटमा समावेश गरी वोलपत्र प्रक्रियाद्वारा खरिद गरी सवै वडालाई बराबरी सडक वत्ति वितरण गरी जडान गर्ने निर्णय गरियो।

निर्णय नं ४
इटहरी उपमहानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ५
इटहरी उपमहानगरपालिका क्षेत्रभित्र उपभोक्ता समितिद्वारा सञ्चालित आयोजना/योजनाहरुमा प्रयोग भएका निर्माण सामाग्रीहरुको गुणस्तर परिक्षण गर्ने क्रममा प्रथम पटक गुणस्तर परिक्षण गर्दा कम्तिमा सन्तोषजनक गुणस्तरिय निर्माण सामाग्री भएको ल्याव रिपोर्ट प्राप्त भए पश्चात सम्वन्धित योजनाको मुल्याङ्कन हुन आएको रकमको ६० प्रतिशत भुक्तानी दिने निर्णय गरियो एंव योजनाको कार्य सम्पन्न भए पश्चात २८ दिन पछिको अन्तिम ल्याव रिपोर्ट प्राप्त भए पश्चात मात्र वाकी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ६
इटहरी उपमहानगरपालिकाको चालु आ.व. २०८०/०८१ को निति कार्यक्रम तथा वजेटमा लिएका निति अन्तर्गत सुशासन, सेवा प्रवाह तथा मानव संसोधन विकासको नितिमा एकजना उत्कृष्ट कर्मचारीलाई पुरुस्कृत गर्ने निति रहेकोमा गत आ. व. २०७९/०८० को कार्यसम्पादन मुल्याङ्कनको आधारमा यस कार्यालयको कार्यसम्पादन मूल्याङ्कन समितिको २०८० मंडसिर २६ गते बसेको वैठकले नगर कार्यापालिकाको कार्यालयमा कार्रत कार्यालय सहयोगि (पाचौ) केसर बहादुर कार्कीलाई उत्कृष्ट कर्मचारीको रुपमा सिफारिस समेत गरेकोले निज केसर बहादुर कार्कीलाई उत्कृष्ट कर्मचारीको रुपमा रु १ लाख प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ७
संघिय सरकार र इटहरी उपमहानगरपालिकाको साझेदारीमा आगामी आर्थिक वर्ष २०८१/०८२ मा समपूरक कोष अन्तर्गत योजनाहरु संचालन गर्न देहाय बमोजिमका योजनाहरु छनौट गरि सम्वन्धित निकायमा पठाउने निर्णय गरियो।

देहाय
१. सपिङ्ग कम्प्लेक्स निर्माण इटहरी १२
२. रंगशाला निर्माण इटहरी १५
३. इटहरी ३ को पुराण चोक देखि धरानको पानवारी जोड्ने सडक (क्रमागत)
४. इटहरी १७ को कान्छिचोक देखि इटहरी १८ को होकाहा कोरिडोर निर्माण

निर्णय नं ८
नेपाल सरकारको सहयोगमा आगामी आर्थिक वर्ष २०८१/८२ मा विशेष अनुदानका योजना स्वीकृतका लागि देहाय बमोजिमको योजनाहरु छनौट गरी सम्वन्धित निकायमा पठाउने निर्णय गरियो।

देहाय
क) विशेष अनुदान अन्तर्गत क्रमागत योजनाहरु
१) जब्दी माध्यमिक विद्यालय भवन निर्माण इटहरी १९
ख) विशेष अनुदान अन्तर्गत नयाँ योजनाहरु
१) सरस्वती जब्दी माध्यमिक विद्यालय भवन निर्माण इटहरी १६

निर्णय नं ९
उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुको Concrete र Blocks को Destructive Test गर्नका लागि तोकिएको शुल्क बुझाई सकेका योजनाको Non Destructive Test गर्नु पर्ने आवश्यक भएमा उपभोक्ता समितिहरुलाई आर्थिक व्ययभार पर्न जाने भएकोले थप शुल्क नलिई त्यस्ता योजनामा प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तर परिक्षण गर्ने निर्णय गरियो।

निर्णय नं १०
उपभोक्ता समिति मार्फत संचालन भएका योजनाहरुको CONCRETE र BLOCKS नराखेको कारणले DESTRUCTIVE TEST हुन नसकेको खण्डमा NON DESTRUCTIVE TEST गर्दा कम्तिमा सन्तोषजनक ल्याब रिपोर्ट देखिएमा सो परिक्षण( LAB TEST) लाई आधार मानी भुक्तानि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ११
आ.व. २०७९/०८० को इटहरी उपमहानगरपालिकाको संस्थागत क्षमता स्व:मूल्याङ्कनको सूचकहरुको अनलाइन प्रविष्टि पश्चात मूल्याङ्कनका आधारमा कुल जम्मा ८१.२५ अंक प्रास भएकोले उक्त स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याङ्कन आजको वैठकबाट स्वीकृत गरी आगामी नगरसभाबाट छलफल तथा अनुमोदनका लागी पेश गर्ने निर्णय गरियो।